# संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७०

**प्रस्तावना :** संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण सम्बन्धी कार्यविधि तय गर्न, पर्यवेक्षण संस्थालाई अनुमति तथा सम्बन्धन प्रदान गर्न, पर्यवेक्षकको योग्यता निर्धारण गर्न तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचार संहिता जारी गर्ने समेतका व्यवस्थालाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०६३ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले संविधान सभा सदस्यको निर्वाचन सम्झनुपर्छ र सो शब्दले उप निर्वाचन समेतलाई जनाउँछ ।

(ग) "निर्वाचन अधिकृत" भन्नाले आयोगवाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शव्दले सहायक निर्वाचन अधिकृत समेतलाई जनाउनेछ ।

(घ) "जिल्ला निर्वाचन अधिकारी" भन्नाले जिल्ला निर्वाचन कार्यालयको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(च) "मतदान अधिकृत" भन्नाले निर्वाचन आयोग ऐन, २०६३ को दफा ५ वमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शव्दले सहायक मतदान अधिकृत समेतलाई जनाउँछ ।

(छ) "पर्यवेक्षण संघ/संस्था भन्नाले" यस निर्देशिको दफा (७) बमोजिम आयोगवाट पर्यवेक्षण अनुमति प्राप्त संघ/संस्था/सञ्जाललाई सम्झनु पर्छ ।

(ज) "पर्यवेक्षक" भन्नाले यस निर्देशिका बमोजिम पर्यवेक्षण गर्न अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(झ) "पर्यवेक्षण आचार संहिता" भन्नाले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ बमोजिम निर्वाचन पर्यवेक्षणका लागि आयोगले बनाएको पर्यवेक्षण आचार संहितालाई सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले यस निर्देशिकाको दफा ८ बमोजिमको निर्वाचन पर्यवेक्षण समिति सम्झनु पर्छ ।

(ट) "एकाई" भन्नाले यस निर्देशिकाको दफा ९ बमोजिमको निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई सम्झनु पर्छ ।

## परिच्छेद -२
## पर्यवेक्षण सम्बन्धी व्यवस्था

(३) **राष्ट्रिय पर्यवेक्षण :** (क) संविधान सभा सदस्य निर्वाचन, २०७० को निर्वाचन पर्यवेक्षण गर्ने राष्ट्रिय संघ/संस्थाहरुले आयोगबाट अनुमति प्राप्त गर्नुपर्नेछ ।

(ख) आयोगले राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षण सम्बन्धी अनुभव भएका ख्यातिप्राप्त व्यक्ति, निर्वाचन विशेषज्ञ तथा नेपाली नागरिकलाई मतदानको दिन व्यक्तिगत रुपमा निर्वाचन पर्यवेक्षणको अनुमति दिन वा आमन्त्रण गर्न सक्नेछ ।

(४) **पर्यवेक्षण गर्न राष्ट्रिय संघ/संस्थाहरूलाई दिइने अनुमतिका आधारहरू:** (१) संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण अनुमति प्राप्त गर्न चाहने प्रचलित नेपाल कानून वमोजिम दर्ता भएको संघ/संस्थाले देहाय बमोजिमका कागजातहरु निवेदन साथ संलग्न गर्नुपर्नेछ :-

(क) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
(ख) त्यस्तो संस्था नविकरण भएको निस्साको प्रतिलिपि,
(ग) संस्थाको विधानको प्रतिलिपि,
(घ) संस्थाको कार्यक्रम एवं लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरूको नामावली,
(च) विगतमा गरेका राष्ट्रिय/अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सो को प्रमाण,
(छ) पर्यवेक्षण सम्बन्धमा संस्थाले तयार पारेको ब्रोशर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सो समेत,
(ज) संस्थाले तयार गरेको पर्यवेक्षक परिचालन सम्वन्धी नीति तथा कार्ययोजना ।

(२) उपदफा १ (ज) को नीतिमा पर्यवेक्षक परिचालन गर्ने लैङ्गिक तथा समावेशी व्यवस्था हुनुपर्नेछ ।

(३) आयोगबाट यसअघि अनुमति प्राप्त गरी निर्वाचन पर्यवेक्षणमा संलग्न भएको भए आयोगबाट निर्धारित अवधि भित्रै सो को प्रतिवेदन पेश गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

(४) आयोगबाट यसअघि निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरी पर्यवेक्षण प्रतिवेदन पेश नगर्ने राष्ट्रिय संस्थाहरुलाई संविधान सभा सदस्य निर्वाचन, २०७० का लागि पर्यवेक्षण अनुमति दिईने छैन ।

(५) एक भन्दा बढी संस्थाहरु मिली खडा गरिएको संस्था वा सञ्जाल (Consortium) को हकमा त्यस्तो संस्था वा सञ्जाल गठन तथा काम गर्ने सम्वन्धमा भएको कार्य समितिको निर्णय र सम्झौता पत्र समेत पेश गर्नु पर्नेछ ।

(६) कुनै संस्था वा सञ्जालमा समावेश भएको संस्था वा सञ्जालले आफ्नो नामबाट उपदफा (१) बमोजिम निर्वाचन पर्यवेक्षणको लागि अनुमति प्राप्त गर्ने छैन ।

(७) संविधान सभा सदस्य निर्वाचन, २०७० का लागि पाँचै विकास क्षेत्रका हिमाल, पहाड र तराईका जिल्लाहरुमा न्यूनतम एक सय मतदान स्थलमा पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संघ/संस्थाले मात्र पर्यवेक्षण अनुमतिका लागि निवेदन दिनुपर्नेछ ।

(८) पर्यवेक्षण गर्नको लागि अनुमति दिने वा नदिने सम्पूर्ण अधिकार आयोगमा निहित रहनेछ ।

(५) **राष्ट्रिय पर्यवेक्षकको लागि आवश्यक योग्यता :** (१) संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण, २०७० मा राष्ट्रिय पर्यवेक्षण संस्थाबाट खटिने व्यक्तिको योग्यता देहाय अनुसार हुनुपर्नेछ :

(क) नेपाली नागरिक,
(ख २१ वर्ष उमेर पूरा भएको,
(ग) प्रवीणता प्रमाण पत्र तह वा दश जोड दुई वा सो सरह उतीर्ण भएको,
(घ) कुनै पनि राजनैतिक दलको सदस्य नभएको,
(ङ) फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट सजाय नपाएको,
(च) मानसिक सन्तुलन नगुमाएको ।

(२) उपदफा (१) को 'ग' मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको शैक्षिक योग्यतालाई समेत पर्यवेक्षणको लागि योग्य भएको मानिनेछ :

(क) आयोगले सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणको अनुभव भएका व्यक्तिहरुको हकमा एस.एल.सी उतीर्ण भएको ।

(६) **राष्ट्रिय पर्यवेक्षण अनुमति प्रक्रिया :**(१) पर्यवेक्षण समितिको सिफारिसमा आयोगले निर्वाचन पर्यवेक्षणका लागि संघ/संस्थाहरूहरूलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय पर्यवेक्षण अनुमतिका लागि देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ :-

(क) पर्यवेक्षण अनुमतिका लागि आयोगबाट अनुसूची -१ बमोजिम सूचना प्रकाशन भएपछि पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरुले अनुसूची -२ बमोजिको ढाँचामा पर्यवेक्षण व्यवस्थापन एकाईमा निवेदन पेश गर्नुपर्नेछ ,

(ख) निवेदन साथ प्राप्त कागजातहरु जाँचबुझ गर्दा कुनै कुरा स्पष्ट नभएमा त्यस्ता संघ/संस्थासँग सो एकाईले थप विवरण माग गर्न सक्नेछ ,

(ग) एकाईले प्राप्त निवेदन माथि आवश्यक जाँचबुझ गरी पर्यवेक्षण समितिमा पेश गर्नेछ । तर आवश्यक कागजातहरू संलग्न नभएमाा वा समयमा प्राप्त नभएमा पर्यवेक्षण अनुमति सम्बन्धी निवेदन माथि कुनै कारवाही हुनेछैन,

(घ) यसरी प्राप्त निवेदनहरु उपर जाँचबुझ गर्दा आवश्यक प्रक्रिया पूरा गरेको पाइएमा समितिले आयोगमा सिफारिस सहित निर्णयको लागि पेश गर्नेछ ,

(ङ) पर्यवेक्षण समितिको सिफारिस समेतलाई आधार मानी आयोगले पर्यवेक्षण अनुमति प्रदान गर्ने निर्णय गर्नेछ ,

(च) आयोगवाट भएको त्यस्तो निर्णयको जानकारी एकाईले सम्बन्धित संघ/संस्थाहरुलाई दिनेछ ,

(छ) पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त गरेका संघ/संस्थाहरुले आफ्नो संस्थावाट खटिने पर्यवेक्षकहरुलाई अनुसूची ४ वमोजिमको शपथ ग्रहण गराई उक्त शपथ पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित राष्ट्रिय पर्यवेक्षक परिचय पत्र प्राप्त गर्न एकाईमा अनुरोध गर्नुपर्नेछ ,

(ज) प्राप्त कागजातहरु जाँचबुझ गर्दा उपयुक्त ठहरेमा एकाईले त्यस्तो संघ/संस्थाले परिचालन गर्ने पर्यवेक्षकहरुलाई राष्ट्रिय पर्यवेक्षक परिचय पत्र उपलब्ध गराउँनेछ । त्यसरी उपलब्ध गराउने राष्ट्रिय पर्यवेक्षक परिचयपत्रको नमूना अनुसूची - ५ बमोजिमको हुनेछ ,

(झ) अनुमति प्राप्त गर्ने संघ/संस्था प्रमुखले पर्यवेक्षण अनुमतिपत्र लिन वा सोसँग सम्बन्धित अन्य कार्यहरू गर्न आफै उपस्थित हुन नसक्ने भएमा अन्य कुनै व्यक्तिलाई अनुसूची- ३ बमोजिमको ढांचामा अधिकार प्रदान गर्न सक्नेछ ,

(ञ) अनुमति प्राप्त संघ/संस्थाहरुले निर्वाचन पर्यवेक्षणमा खटिने पर्यवेक्षकहरूलाई अनिवार्य रूपमा अनुसूची- ६ मा उल्लिखित विषयहरूको अभिमुखीकरण गराउनु पर्नेछ ,

(ट) पर्यवेक्षण संघ/संस्थाहरुले अभिमुखीकरणका लागि स्रोत व्यक्तिहरु माग गरेमा आयोगले स्रोत व्यक्ति उपलब्ध गराउन सक्नेछ ,

(ठ) पर्यवेक्षण गर्न अनुमति प्राप्त संघ/संस्थाहरूले निर्वाचन सम्बन्धी आवश्यक कानून एवं आयोगका अन्य प्रकाशनहरू अध्ययनका लागि माग गरेमा नियमानुसार उपलब्ध गराउन सक्नेछ ।

(ड) विद्युतीय यन्त्रको प्रयोग गरी निवेदन दिन चाहने पर्यवेक्षण संघ/संस्था वा व्यक्तिले http://www.election.gov.np/observer मा लग अन गरी निवेदन दिन सक्नेछन ।

**(७)** **<u>जिल्ला निर्वाचन कार्यालय मार्फत् निवेदन दिन सकिने :</u>** (१) पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरुले आयोगले निवेदन माग गरेको समय भित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालय मार्फत आवश्यक कागजातहरू संलग्न गरी निवेदन दिन सक्नेछन । तर काठमाण्डौं उपत्यकाको हकमा भने आयोगमा निवेदन पेश गर्नुपर्नेछ ।

(२) जिल्ला निर्वाचन कार्यालयले निवेदन साथ प्राप्त कागजात उपर प्रारम्भिक जाँचबुझ गरी छिटो माध्यमबाट निर्वाचन आयोगको पर्यवेक्षण व्यवस्थापन एकाईमा पठाउनु पर्नेछ ।

(३) एकाईले दफा ६ बमोजिमको प्रक्रिया पूरा गरी आयोगमा निर्णयका लागि पेश गर्नेछ ।

(४) एकाईले आयोगबाट भएको निर्णयको जानकारी सम्बन्धित जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई यथाशीघ्र दिनेछ ।

(५) अनुमति प्राप्त राष्ट्रिय संघ/संस्थाले आफूले खटाउने पर्यवेक्षकहरुको विवरण अनुसूची ७ बमोजिम तयार गरी यथाशीघ्र आयोगको एकाईमा पठाउनु पर्नेछ । उक्त विवरण प्राप्त भएपछि विवरणमा उल्लेखित पर्यवेक्षकहरुको राष्ट्रिय पर्यवेक्षक परिचय पत्र उपलब्ध गराउन एकाईले जिल्ला निर्वाचन कार्यालयलाई यथाशीघ्र पत्राचार गर्नेछ । एकाईले पठाएको विवरण प्राप्त भएपछि विवरणमा उल्लेख गरिएका पर्यवेक्षकहरुलाई जिल्ला निर्वाचन कार्यालयले यस निर्देशिकाको दफा ६ को (२) 'छ' बमोजिमको प्रक्रिया पूरा गरी राष्ट्रिय पर्यवेक्षक परिचय पत्र उपलब्ध गराउने छ ।

## परिच्छेद ३
## संस्थागत व्यवस्था

(८) **निर्वाचन पर्यवेक्षण समिति :** (१) संविधान सभा सदस्य निर्वाचन, २०७० को अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यवेक्षणको समन्वय, सहजीकरण तथा निर्देशनका लागि आयोगमा देहाय बमोजिमको निर्वाचन पर्यवेक्षण समिति रहनेछ -

| | |
|---|---|
| माननीय निर्वाचन आयुक्त (पर्यवेक्षण हेर्ने) | संयोजक |
| सचिव, निर्वाचन आयोग | सदस्य |
| सचिव, गृह मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सह-सचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग | सदस्य |
| उप-सचिव, यो.अ.तथा वै.स.शाखा, निर्वाचन आयोग | सदस्य-सचिव |

(२) निर्वाचन पर्यवेक्षण समितिको वैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

(३) समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ :

(क) पर्यवेक्षणका लागि आवश्यक पर्ने नीतिगत व्यवस्थाको सिफारिस गर्ने,

(ख) निर्वाचन पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरुको अनुमति तथा सम्वन्धनका लागि सिफारिस गर्ने,

(ग) पर्यवेक्षण सम्बन्धी कार्यको निर्देशन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(९) **निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई :** (१) संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण सम्वन्धी कार्यहरु गर्नको लागि आयोगमा देहाय वमोजिमको एक निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई रहने छ -

| क्र.स. | जिम्मेवारी | पद,कार्यालय/महाशाखा/ शाखा | संख्या |
|---|---|---|---|
| १. | संयोजक | सह सचिव | १ |
| २. | | उपसचिव(परराष्ट्र र प्रशासन सेवा) | २ |
| ३. | | अधिकृत (परराष्ट्र र प्रशासन सेवा) | २ |
| ४. | | ना.सु.वा खरिदार | ४ |
| ५. | | क.अपरेटर | ३ |
| ६. | | का.स. | १ |
| | | **जम्मा :** | **१३** |

(२) उपदफा (१) बमोजिम गठन भएको एकाईमा आवश्यकता अनुसारका कर्मचारीहरु रहनेछन,

(३) उपदफा (१) बमोजिम गठन भएको एकाईको वैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ,

(४) उक्त एकाईको कार्यविवरण देहाय बमोजिम हुनेछ :

(क) संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्न चाहने संघ/संस्थालाई निवेदन पेश गर्न आह्वान गर्ने सूचना आयोगबाट निर्णय भएबमोजिम प्रकाशन गर्ने,

(ख) एकाई तथा जिल्ला निर्वाचन कार्यालय मार्फत पर्यवेक्षण गर्न निवेदन दिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाको निवेदन उपर जाँचबुझ गरी समितिमा पेश गर्ने,

(ग) सम्बन्धित पर्यवेक्षण संघ/संस्थालाई आयोगबाट भएको निर्णयको जानकारी गराउने,

(घ) अन्तर्राष्ट्रिय संघ/संस्थाबाट खटिई आउने पर्यवेक्षकको प्रवेषाज्ञा तथा सञ्चार उपकरण महसुल सम्बन्धमा सम्बन्धित निकायमा लेखी पठाउने,

(ङ) पर्यवेक्षण संस्थाबाट स्रोत व्यक्तिको माग भएमा उपलब्ध गराउने,

(च) अनुमति तथा सम्बन्धन प्राप्त पर्यवेक्षण संस्थाहरुको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र आवश्यकता अनुसार Briefing र Debriefing गर्ने व्यवस्था मिलाउने,

(छ) पर्यवेक्षणका लागि आयोगबाट स्वीकृती प्राप्त संस्थाहरुलाई सम्बन्धन/अनुमति दिने र त्यस्ता संस्थाका पर्यवेक्षकलाई तोकिएको ढांचाको परिचय पत्र उपलव्ध गराउने,

(ज) अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको सुरक्षाको व्यवस्थाका लागि सम्बन्धित निकायमा लेख्ने,

(झ) समितिको निर्देशन बमोजिम पर्यवेक्षणसम्बन्धी अन्य कार्य गर्ने,

(ञ) आयोगले तोकेका अन्य कार्य गर्ने ।

**(१०) <u>निर्वाचन पर्यवेक्षण स्रोत केन्द्र :</u>** (१) पर्यवेक्षण सम्वन्धी आवश्यक सूचना उपलव्ध गराउन तथा एकाईको काममा सहयोग गर्न एकाई मातहत रहने गरी आयोग परिसरमा निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रमा सचिवालयबाट आवश्यक जनशक्तिको व्यवस्था हुनेछ ।

(३) निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको कार्यविवरण देहाय बमोजिम हुनेछ :

(क) पर्यवेक्षण अनुमति, सम्बन्धन तथा परिचय पत्र प्राप्त गर्ने सम्बन्धमा आयोगबाट भएको नीतिगत व्यवस्था, प्रक्रियागत व्यवस्था तथा अन्य आवस्यक सूचना तथा जानकारी पर्यवेक्षण संघ/संस्था तथा व्यक्तिलाई उपलब्ध गराउने,

(ख) पर्यवेक्षण अनुमति, सम्बन्धन तथा परिचय पत्र प्रदान गर्न संघ/संस्थालाई सहजीकरण गर्ने,

(ग) आयोगको सूचना बमोजिम पर्यवेक्षण संघ/संस्था र जिल्ला निर्वाचन कार्यालयबाट इमेल मार्फत प्राप्त निवेदनहरु एकाईमा पेश गर्ने ।

(घ) पर्यवेक्षकलाई परिचय पत्र उपलब्ध गराउन पर्यबेक्षण संघ/संस्थाबाट पेश भएका विवरण तथा अन्य कागजातहरु एकाइमा पेश गर्ने,

(ङ) एकाईसंग समन्वय गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई परिचय पत्र उपलब्ध गराउने,

(च) एकाईबाट भएको निर्देशन बमोजिम जिल्ला निर्वाचन कार्यालय तथा पर्यवेक्षण संघ/संस्था वा व्यक्तिलाई सूचना, जानकारी तथा परिपत्रहरु यथासमयमै पठाउने ।

**(११) <u>अन्तर्राष्ट्रिय पर्यवेक्षण :</u>** (१) संविधान सभा सदस्य निर्वाचन, २०७० को निर्वाचन पर्यवेक्षण गर्ने अन्तर्राष्ट्रिय संघ/संस्थाहरुले आयोगबाट सम्बन्धन (Accreditation) प्राप्त गर्नुपर्नेछ ।

(२) आयोगले अन्तर्राष्ट्रिय पर्यवेक्षण सम्बन्धी अनुभव भएका ख्यातिप्राप्त व्यक्ति, निर्वाचन विशेषज्ञलाई मतदानको दिन व्यक्तिगत रुपमा निर्वाचन पर्यवेक्षणको आमन्त्रण गर्न सक्नेछ ।

**(१२) <u>अन्तर्राष्ट्रिय संघ/संस्थाहरुलाई सम्बन्धन गर्ने आधारहरु</u> :** (१) संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्न निवेदन पेश गर्ने व्यक्ति वा अन्तर्राष्ट्रिय संघ/संस्थाहरुले देहायका आधारहरु पूरा गरेको हुनुपर्नेछ :

(क) सम्बन्धित देशको कानून बमोजिम दर्ता भएको संस्था हुनुपर्ने,

(ख) संस्थाको उद्देश्य सुशासन, लोकतन्त्र, निर्वाचन र शान्ति प्रवर्द्धन गर्नेसँग सम्बन्धित भएको हुनुपर्ने,

(ग) आयोगबाट यस अघि सम्बन्धन प्राप्त गरी निर्वाचन पर्यवेक्षणमा संलग्न भएको भए आयोगबाट निर्धारित अवधि भित्रै सो को प्रतिवेदन पेश गरेको हुनुपर्ने,

(घ) आयोगबाट जारी भएको पर्यवेक्षण आचार संहिता पूर्ण पालना गर्नेछु भनी लिखित रुपमा दिएको मञ्जुरी नामा पेश गरेको हुनुपर्ने ।

(२) कुनै व्यक्ति वा संघ/संस्थाले गलत कार्य गरी कार्यवाहीमा परेको आयोग वा नेपाल सरकारको अभिलेखबाट देखिएमा त्यस्तो व्यक्ति वा संघ/संस्थालाई पर्यवेक्षण सम्बन्धन दिइने छैन ।

(३) कुनै व्यक्तिलाई वा संघ/संस्था पर्यवेक्षण गर्नको लागि सम्बन्धन दिने वा नदिने अधिकार आयोगमा निहित रहनेछ ।

**(१३) <u>अन्तर्राष्ट्रिय संघ/संस्थाहरुबाट खटिने पर्यवेक्षकहरुको योग्यता</u> :** अन्तर्राष्ट्रिय संघ/संस्थाहरुबाट खटिने पर्यवेक्षकको शैक्षिक योग्यता प्रवीणता प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरह भएको हुनुपर्नेछ ।

**(१४) <u>अन्तर्राष्ट्रिय संघ/संस्थाहरुलाई सम्बन्धन गर्ने प्रक्रिया</u> :** अन्तर्राष्ट्रिय संघ/संस्थाहरुलाई सम्बन्धन प्रदान गर्ने कार्यविधि, सम्बन्धन गर्ने प्रक्रिया, आचार संहिता एवं त्यस्ता संघ/संस्था/व्यक्तिहरूलाई उपलब्ध गराइने सामग्री र जानकारीहरूका

सम्बन्धमा आयोगले जारी गरेको "International Observers Accreditation Procudure and code of conduct" बमोजिम हुनेछ ।

**(१५)** **पर्यवेक्षणका लागि आमन्त्रण गर्ने प्रक्रिया** : (१) अन्तर्राष्ट्रिय पर्यवेक्षणका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरी आमन्त्रण गरिनेछ :

(क) आयोगको अनुरोधमा निर्वाचन पर्यवेक्षणका लागि अन्तराष्ट्रिय व्यक्ति तथा संघ/संस्थाहरुलाई परराष्ट्र मन्त्रालय मार्फत आमन्त्रण गर्ने ।

(ख) निर्वाचनका दिन मतदान कार्यको अवलोकनका लागि नेपालस्थित संयुक्त राष्ट्र संघ, तथा यस अर्न्तगतका अन्तर्राष्ट्रिय संस्था एवं कूटनैतिक नियोगका प्रतिनिधिहरूलाई आयोगबाट आमन्त्रण गर्ने ।

(ग) मुलुक भित्रका निर्वाचन व्यवस्थापन र निर्वाचन सम्बन्धी कार्यमा ख्यातिप्राप्त गरेका व्यक्तिलाई मतदानको दिन मतदान कार्यको अवलोकनका लागि आयोगबाट आमन्त्रण गर्न सक्ने ।

(२) निर्वाचन पर्यवेक्षणका लागि सम्बन्धन प्राप्त संघ/संस्थाको तर्फबाट खटिने अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई आयोगबाट सम्बन्धन प्रदान गर्दा फोटो सहितको परिचय पत्र उपलब्ध गराइनेछ ।

(३) अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई सम्वन्धित देशमा रहको नेपाली दूतावासबाट उपयुक्त प्रवेषाज्ञा (Visa) उपलब्ध गराउने र सो हुन नसकेको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपयुक्त प्रवेषाज्ञा (Visa) उपलब्ध गराउने व्यवस्था गराइनेछ ।

(४) निर्वाचन पर्यवेक्षण गर्न चाहने अन्तर्राष्ट्रिय संघ/संस्थासँग आवश्यकता अनुसार समझदारी-पत्र (MOU) मा हस्ताक्षर गर्ने व्यवस्था मिलाइनेछ ।

(५) पर्यवेक्षण गर्ने अन्तर्राष्ट्रिय संघ/संस्था वा व्यक्तिहरुले पर्यवेक्षण कार्यमा प्रयोग हुने साधन र उपकरणहरुको विस्तृत विवरण खुलाई त्यस्ता साधन वा उपकरण आयात गर्न तथा सो मा लाग्ने महसुल छुट गरिदिन अनुरोध गरेको अवस्थामा आयोगले उपयुक्त ठहर गरेमा सो को लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

## परिच्छेद ४
## पर्यवेक्षण संघ/संस्थाको कर्तव्य र प्रतिवेदन सम्बन्धी व्यवस्था

**(१६)** **अनुमति प्राप्त पर्यवेक्षण संघ/संस्थाको कर्तव्य :** (१) पर्यवेक्षण संघ/संस्थाको कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) पर्यवेक्षण संघ/संस्थाले आयोगबाट अनुमति प्राप्त नगरी पर्यवेक्षण कार्य गर्नु हुँदैन,

(ख) पर्यवेक्षण संघ/संस्थाले पर्यवेक्षकहरु मनोनयन गर्दा समावेशी नीतिलाई अवलम्वन गर्नुपर्ने छ ।

(ग) पर्यवेक्षण संघ/संस्थाले पर्यवेक्षण कार्यमा खटिने पर्यवेक्षकहरूलाई अनिवार्य रूपमा अनुसूची-६ मा उल्लेखित विषयमा अभिमुखीकरण वा प्रशिक्षण दिनुपर्नेछ,

(घ) पर्यवेक्षण संघ/संस्थाले आफ्नो संस्थाबाट खटाउने प्रत्येक पर्यवेक्षकको परिचय पत्र प्राप्त गर्नु पूर्व अनुसूची-४ बमोजिमको सपथ गराउनु पर्नेछ र सम्बन्धित संस्थाले आफ्नो संस्थामार्फत खटिने पर्यवेक्षकहरुको व्यक्तिगत विवरण प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ङ) पर्यवेक्षण संघ/संस्थाले पर्यवेक्षक खटाउँदा पाँचै विकास क्षेत्र हिमाल, पहाड र तराईका सुगम, दुर्गम सबै क्षेत्र समेट्ने गरी खटाउनु पर्नेछ ।

(च) पर्यवेक्षण गर्ने संघ/संस्थाहरूले मतदान केन्द्रमा पर्यवेक्षकहरुको भिड भै मतदान अधिकृतको कार्यमा बाधा नहुने गरी पर्यवेक्षकहरू खटाउनु पर्नेछ,

(छ) पर्यवेक्षण कार्यमा सरकारी वा सरकारी स्वामित्व वा अर्धस्वामित्वका संघ/संस्थाका कर्मचारीहरूलाई खटाउन पाईने छैन,

(ज) पर्यवेक्षकको स्थायी बसोबास भएको निर्वाचन क्षेत्रमा पर्यवेक्षणका लागि खटाउन पाईने छैन,

(झ) पर्यवेक्षण गर्न अनुमति तथा सम्बन्धन प्राप्त गरेका संस्थाले आवश्यक कानूनी र निर्वाचन सम्बन्धी आवश्यक सूचना तथा आचार संहिता सम्बन्धित पर्यवेक्षकहरुलाई उपलब्ध गराउनु पर्नेछ ,

(ञ) पर्यवेक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित संघ/संस्था आफैंले गर्नु पर्नेछ ,

(ट) एउटै व्यक्तिलाई एक भन्दा बढी संघ/संस्थाहरुले पर्यवेक्षकको रुपमा खटाउन हुँदैन,

(ठ) पर्यवेक्षण संघ/संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीन महिना भित्र आफ्नो आय व्यय सार्वजनिक गर्नुपर्नेछ ।

(२) पर्यवेक्षणका लागि अनुमति तथा सम्बन्धन प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाले मतदान कार्य समाप्त भएको ३० दिनभित्र प्रारम्भिक प्रतिवेदन र ९० दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा अनिवार्य बुझाउनु पर्नेछ ।

## परिच्छेद- ५

## निर्वाचन पर्यवेक्षणको सम्बन्धमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी र मतदान अधिकृतको काम, कर्तव्य र अधिकार

**(१७) निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार :** निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन आयोगबाट जारी भएको पर्यवेक्षण निर्देशिका बमोजिम पर्यवेक्षण सम्वन्धी काम गर्ने, गराउने,

(ख) आयोगबाट स्वीकृति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई पर्यवेक्षण कार्यमा सहयोग गर्ने,

(ग) पर्यवेक्षकहरूले माग गरेका निर्वाचन सम्बन्धी विवरणहरू जस्तै: मतदान केन्द्र, मतदाताको विवरण, तालिम, जनशक्ति, तथा सुरक्षा आदि उपलब्ध गराउने,

(घ) पर्यवेक्षकहरूले कुनै मतदान केन्द्रको पर्यवेक्षण गर्ने सम्बन्धमा सुरक्षा माग गरेमा सो को व्यवस्था मिलाउने,

(ङ) कुनै मतदान केन्द्रको पर्यवेक्षण गर्न जान कुनै कर्मचारीको सहयोग माग गरेमा उपलब्ध हुनसक्ने सम्मको सहयोग उपलब्ध गराउने,

(च) पर्यवेक्षकहरूले माग गरेमा हलुका सवारी साधनलाई सवारी पासको व्यवस्था मिलाउने,

(छ) पर्यवेक्षकहरू उपर कुनै भवितव्य पर्न गएमा तत्काल उद्धारको व्यवस्था मिलाउने,

(ज) पर्यवेक्षण आचार संहिताको उल्लङ्घन गरी पर्यवेक्षण गरेको पाइएमा पर्यवेक्षण गर्न रोक लगाउनुका साथै निजलाई दिइएको परिचय पत्र रद्द गरी सो को जानकारी निर्वाचन आयोगलाई तत्काल गराउने ।

**(१८) जिल्ला निर्वाचन अधिकारीको काम, कर्तव्य र अधिकार :** (१) आयोगबाट जारी गरिएको संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७० बमोजिम पर्यवेक्षण सम्बन्धी कार्यहरु गर्ने, गराउने ।

(२) आयोगबाट जारी भएको सूचना बमोजिम पेश भएका निवेदनहरुको प्रारम्भिक जाँचबुझ गरी यथाशीघ्र आयोगमा पठाउने ।

(३) आयोगबाट पर्यवेक्षण अनुमति पाएका संघ/संस्थाहरुबाट खटिने पर्यवेक्षकहरुलाई यस निर्देशिकामा उल्लेख भएको प्रक्रिया पूरा गरी राष्ट्रिय पर्यवेक्षक परिचय पत्र उपलब्ध गराउने र सो को अभिलेख राख्ने ।

(४) पर्यवेक्षकहरूले माग गरेका जानकारीहरू सम्भव भएसम्म उपलब्ध गराउने ।

(५) जिल्ला निर्वाचन कार्यालयमा आउने पर्यवेक्षकहरूको अभिलेख राख्ने ।

(६) पर्यवेक्षण आचार संहिताको उल्लङ्घन गरी पर्यवेक्षण गरेको पाइएमा पर्यवेक्षण गर्न रोक लगाई सो को जानकारी मुख्य निर्वाचन अधिकृत र निर्वाचन आयोगलाई तत्काल गराउने ।

(७) पर्यवेक्षणको क्रममा सहजता पुर्‍याउन आवश्यक अन्य कार्य गर्ने ।

**(१९) मतदान अधिकृतको काम, कर्तव्य र अधिकार :-** (१) आयोगबाट जारी भएको संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७० बमोजिम काम गर्ने, गराउने ।

(२) राष्ट्रिय वा अन्तर्राष्ट्रिय पर्यवेक्षण परिचय पत्र लगाएर आउने पर्यवेक्षकहरूलाई मतदान केन्द्रको तोकिएको क्षेत्रमा प्रवेश गर्न सक्ने व्यवस्था मिलाउने ।

(३) पर्यवेक्षकको परिचयको थप प्रमाण आवश्यक परेमा वा ठानेमा पर्यवेक्षकसँग माग गर्ने ।

(४) पर्यवेक्षकले माग गरेका विवरणहरू सम्भव भएसम्म उपलब्ध गराउने ।

(५) निर्वाचनको पर्यवेक्षण गर्न दिदा मतदान भइरहेको समयमा मतपत्र, मतदाता नामावली, स्वस्तिक छाप, छापदानी तथा मतपेटिका जस्ता सम्वेदनशील मतदान सामग्रीहरू हातले छुन वा मतदान गरिरहेको कक्षमा प्रवेश गर्न र मतदाताले मतसंकेत गरिरहेको अवस्थाको अवलोकन गर्न नदिने ।

(६) मतदान केन्द्रमा भिडभाड हुन नदिन एक पटकमा बढिमा ५ जना पर्यवेक्षकहरुलाई मात्र मतदान केन्द्रभित्र प्रवेश गर्न दिने । मतदान अधिकृतले आवश्यक ठानेमा त्यस्तो सङ्ख्यालाई कम गर्न समेत सक्नेछ ।

(७) पर्यवेक्षण आचार संहितामा उल्लेख भएका कुराहरूको पालना नगरी पर्यवेक्षण गरेको पाइएमा पर्यवेक्षण गर्न रोक लगाउनुका साथै निजलाई दिइएको परिचय पत्र रद्द गरी सोको जानकारी तत्काल निर्वाचन अधिकृतलाई दिने ।

(८) आफ्नो मतदान केन्द्रमा पर्यवेक्षण गर्न आउने पर्यवेक्षकहरूको अभिलेख पोलबुकमा राख्ने ।

## परिच्छेद-६
## विविध

(२०) **निर्वाचन पर्यवेक्षण संघ/संस्थालाई प्रतिवेदन प्राप्त भएको जानकारी दिने:** (१) निर्वाचन पर्यवेक्षण गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरुले अन्तिम प्रतिवेदन बुझाएपछि आयोगले धन्यबाद सहितको पत्र सम्बन्धित संघ/संस्थाहरुलाई उपलव्ध गराउनेछ ।

(२१) **निर्वाचन पर्यवेक्षण अनुमति पत्र खारेज हुने** : (१) आयोगबाट जारी गरिएको पर्यवेक्षण अनुमति देहायको अवस्थामा खारेज हुन सक्नेछ ।

(क) आयोगबाट जारी गरिएका नियम, निर्देशिका, निर्देशनहरूको उल्लघंन गरेको पाइएमा,

(ख) निर्वाचनमा कुनै उम्मेदवार वा राजनीतिक दलप्रति झुकाव देखिने व्यवहार प्रस्तुत गरेको पाइएमा ,

(ग) आयोगबाट निर्वाचनमा खटिएका कर्मचारीहरूको कर्त्तव्य पालनमा कुनै व्यवधान खडा गरेको पाइएमा,

(घ) निर्वाचन पर्यवेक्षण सम्वन्धी आचार संहितामा उल्लेख भएका अन्य प्रावधानहरुको उल्लंघन गरेको पाइएमा ।

(२२) **बाधा अड्काउ फकाउने** : यो निर्देशिकाको कार्यन्वयन गर्दा कुनै बाधा आइपरेमा आयोगले आवश्यक आदेश जारी गरी त्यस्ता बाधा अड्काउ फुकाउन सक्ने छ ।

(२३) **निर्वाचन पर्यवेक्षण निर्देशिका, २०६४ खारेज गरिएको छ ।**

# संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण गर्ने सम्बन्धी सूचनाको नमूना

संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्न अनुमति चाहने संघ/संस्था/व्यक्तिहरूबाट यो सूचना प्रकाशित मितिले ३० दिनभित्र आयोगमा पर्यवेक्षण अनुमतिका लागि संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका,२०७० बमोजिम तपसिलमा उल्लिखित कागजातहरू सहित अनुसूची-२ को ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ । उपत्यकाको हकमा निर्वाचन आयोगमा र अन्य जिल्लाहरुको हकमा सम्वन्धित जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ ।

निवेदनको नमूना www.election.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

विद्युतीय माध्यमको प्रयोग गरी निवेदन दिन चाहने संघ/संस्थाले http://www.election.gov.np/observer मा लग अन गर्न सक्नुहुनेछ ।

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू:

(क) संघ/संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) त्यस्तो संघ/संस्था नविकरण भएको निस्साको प्रतिलिपि,

(ग) संघ/संस्थाको विधानको प्रतिलिपि,

(घ) संघ/संस्थाको कार्यक्रम एवं लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ङ) संस्थाका कार्य समितिका पदाधिकारीहरूको नामावली,

(च) विगतमा गरेका राष्ट्रिय/अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सो को प्रमाण,

(छ) पर्यवेक्षण सम्बन्धमा संघ/संस्थाले तयार पारेको ब्रोशर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सो समेत,

(ज) संघ/संस्थाले तयार गरेको पर्यवेक्षक परिचालन सम्वन्धी नीति ।

अनुसूची २ (दफा ६ (२) 'क' सँग सम्वन्धित)

# राष्ट्रिय पर्यवेक्षण निवेदन फाराम

विषयः पर्यवेक्षण अनुमतिका लागि निवेदन पेश गरेको ।

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाण्डौं ।

संविधान सभा सदस्य निर्वाचन २०७० को निर्वाचन पर्यवेक्षण अनुमतिको लागि आयोगले प्रकाशित गरेको सूचनामा उल्लेखित आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु ।

निर्वाचन आयोगले भर्नुपर्ने
निवेदन फाराम दर्ता नं. र मिति.................................. .......................................

१. संघ/संस्था सम्बन्धी जानकारी
संघ/संस्थाको नामः ....................................................
कार्य क्षेत्रः .................................................................
संघ/संस्थाको दर्ता नं. ............................. स्थानः ..................................................
दर्ता मिति........................
संघ/संस्थाको ठेगाना : ...................................................
टेलिफोन नं.: ............................................ फ्याक्स्: ..................................
इमेलः .................................................... वेवपेजः ..................................
नविकरण भएको मिति : .............................. कार्य समिति गठन भएको मिति :........................
२. संघ/संस्थाको प्रमुखः
नामः ............................................
टेलिफोन/मोवाईल नं............................................ फ्याक्स्: ...............................
इमेलः ...........................................................................................................................
३. यसअघि पर्यवेक्षण गरेको भए सो को प्रतिवेदन आयोगमा बुझाएको मिति :
४. खटिने पर्यवेक्षकहरूको अनुमानित संख्याः ....................................

| **क्र. सं.** | **परिचालन गर्ने जिल्लाको नाम** | | **महिला** | | | | **पुरुष** | | | | **कूल जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **दलित** | **आदिवासी/ जनजाति** | **पिछडिएको वर्ग** | **जम्मा** | **दलित** | **आदिवासी/ जनजाति** | **पिछडिएको वर्ग** | **जम्मा** | |
| | हिमाली | | | | | | | | | | |
| | पहाडी | | | | | | | | | | |
| | तराई | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | |

***नोट* : पर्यवेक्षण गर्ने संस्था वा सञ्जालले पर्यवेक्षक खटाउँदा आयोगले निर्धारण गरेको कूल मतदान स्थल मध्ये पाँचै विकास क्षेत्रका हिमाली, पहाडी तथा तराईका जिल्लाहरुका न्यूनतम १०० मतदान स्थलहरुमा खटाउनु पर्नेछ ।**

संघ/संस्थाको छापः संघ/संस्था प्रमुखको दस्तखतः

अनुसूची ३ (दफा ६ (२) 'झ' सँग सम्वन्धित)

# सम्पर्क व्यक्तिका लागि अख्तियारनामा

पर्यवेक्षण संघ/संस्थाको नामः ..........................................................................................

पर्यवेक्षण संघ/संस्थाको प्रमुखको नाम/थर ......................................................

ठेगानाः ......................................................

ईमेल..........................................

सम्पर्क व्यक्ति सम्बन्धी विवरणः–

नाम, थर........................................................... ठेगानाः ...........................................

इमेलः ............................................................ फ्याक्स्ः ..........................................

टेलिफोन नं.ः .................................................. मोबाइल नं.ः ....................................

अख्तियारनामा पाउने व्यक्तिको दस्तखतको नमुना :

पर्यवेक्षण संस्थाको तर्फबाट निम्नलिखित कार्य गर्नका लागि म सम्पर्क व्यक्तिलाई अख्तियारनामा प्रदान गर्दछुः

(१) निर्वाचन आयोग र अन्य निकायबाट कागजात एवम् सामग्रीहरू प्राप्त गर्न र पेश गर्न,

(२) आवश्यक कागजपत्रहरूमा दस्तखत गर्न ।

संघ/संस्थाको छाप

संघ/संस्था प्रमुखको दस्तखत

द्रष्टव्य : कृपया सम्पर्क व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि यसै साथ संलग्न गर्नु पर्नेछ ।

अनुसूची ४ (दफा ६ (२) 'छ' सँग सम्वन्धित)

# राष्ट्रिय पर्यवेक्षकको शपथ-पत्र

पर्यवेक्षण संघ/संस्थाको नामः

पासपोर्ट साईजको फोटो ।

.........................................................................................

पर्यवेक्षक सम्बन्धी विवरणः

नाम थरः .......................................................................

ठेगानाः.....................................

लिङ्ग : पुरुष ☐ महिला ☐

टेलिफोन न.: ................................................................ मोवाइल नं...............................

इमेलः ........................................................................... फ्याक्स्: ...................................

पर्यवेक्षण सम्वन्धि अनुभव : .........................................

मैले निर्वाचन अयोगबाट जारी भएको पर्यवेक्षक आचार संहिता राम्रोसँग अध्ययन गरेको छु र माथि उल्लिखित पर्यवेक्षण संस्थाबाट निर्वाचन सम्बन्धी आवश्यक प्रशिक्षण प्राप्त गरेको छु वा गर्नेछु ,

म कुनै राजनीतिक दलको सदस्य छैन,

निर्वाचन आयोगबाट जारी गरिएको पर्यवेक्षण आचार संहिता र निर्वाचन सम्बन्धी कानूनहरूको पालना गर्दै स्वतन्त्र एवं निष्पक्ष ढंगबाट पर्यवेक्षण सम्वन्धि काम गर्ने शपथ लिन्छु ।

संलग्नः

(१) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(२) पासपोर्ट साइजको फोटो १ प्रति

(३) पर्यवेक्षकको शैक्षिक योग्यता :...................तह उतीर्ण

पर्यवेक्षकको दस्तखत :

स्थान र मितिः.......................................................................

संघ/संस्थाको छाप

संघ संस्था प्रमुखको दस्तखतः

अनुसूची ५(दफा ६ (२) 'ज' सँग सम्वन्धित)

# राष्ट्रिय पर्यवेक्षक परिचय-पत्रको नमूना

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## संविधान सभा सदस्य निर्वाचन, २०७०

## राष्ट्रिय पर्यवेक्षक परिचय-पत्र

प.प.नं. : ........................

नाम/थर:.......................................................................

पर्यवेक्षण अनुमति प्राप्त संघ/संस्थाको

नाम:.............................................................................

परिचय पत्र वहाल रहने अवधि...............................

परिचय पत्र पाउनेको सही:.......................................

निर्वाचन आयोगको आधिकारिक व्यक्तिको

सही: .....................................................

नाम:.......................................................

पद: .......................................................

स्थान: ..................................................

मिति : २०७०/...... /......

संस्था प्रमुखको दस्तखत :

पासपोर्ट साईजको फोटो ।

परिचयपत्र बाहकलाई मतदान केन्द्र र मतगणना स्थलसम्म प्रवेश अनुमति रहनेछ ।

Website: www.election.gov.np
Email: info@election.gov.np

**पर्यवेक्षकले पालन गर्नुपर्ने कुराहरू:-**

पर्यवेक्षकले निर्वाचन आयोगबाट जारी गरिएको पर्यवेक्षक आचार संहितामा उल्लिखित कुराहरूको पालना गर्नुपर्दछ ।

**आचार संहिताका महत्वपूर्ण प्रावधानहरू:**

१) निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आाच आउने कार्य गर्नु हुँदैन ।
२) आनो भूमिका स्वतन्त्र, निष्पक्ष एवम् वस्तुनिष्ठ भई पूरा गर्नुपर्दछ ।
३) पर्यवेक्षण गर्दा व्यवहारिक एवम् फराकिलो दृष्टिकोण राख्नुपर्दछ ।
४) पर्यवेक्षण गर्दा निर्वाचन कार्यमा वाधा पुऱ्याउनु हुँदैन ।
५) निर्वाचनमा खटिएका कर्मचारीहरूको काम, कर्तव्य र अधिकारको सम्मान गर्नुपर्दछ ।
६) मतदान केन्द्रमा पर्यवेक्षण गर्दा मतसङ्केत कार्यको तोकिएको स्थानबाट अवलोकन गर्नुपर्दछ ।
७) मतदान केन्द्र भित्र मतदातासाग कुराकानी गर्नु हुँदैन ।
८) मतदान केन्द्रमा कुनै दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुने गरी कुनै कुरा व्यक्त गर्ने, गराउने, प्रचार प्रसार वा प्रदर्शन गर्नु हुँदैन ।

यो परिचयपत्र हराएको खण्डमा, पाउनु हुने महानुभावले कृपया निर्वाचन आयोगको कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहोला ।

# अभिमुखीकरणका विषयहरू

**१. निर्वाचनको तयारी:**

- निर्वाचन कार्यक्रम
- निर्वाचन अधिकृतहरूको नियुक्ति, तालिम र कार्यालय स्थापना सम्बन्धी व्यवस्था
- निर्वाचन सामग्रीहरूको व्यवस्था र ढुवानी
- मतदान अधिकृतहरूको नियुक्ति र तालिम
- निर्वाचन सामग्रीहरू लगायत कर्मचारीहरूको मतदान केन्द्रसम्म पहुँचको व्यवस्था
- आचार संहिता र अनुगमनको व्यवस्था
- निर्वाचनको समग्र सुरक्षा व्यवस्थापन
- सञ्चार व्यवस्था

**२. निर्वाचन प्रक्रिया :**

- मतदान केन्द्रहरू रहने स्थानहरू,
- सर्वदलीय बैठक
- मतदान समय
- मतदान केन्द्र सुरक्षा व्यवस्था
- सञ्चार र अनुगमन प्रणाली
- मतदान सञ्चालन प्रक्रिया
- मतदान प्रक्रियामा महिला तथा अन्य पिछडिएका वर्ग समुदायको पहुँच
- मतदान समाप्त भए पछिका प्रक्रियाहरू, मतपेटिका संकलन र ढुवानी व्यवस्था
- मतगणना सम्बन्धी व्यवस्था
- निर्वाचन परिणाम
- सङ्कटकालीन व्यवस्थापन र उद्धार

**पर्यवेक्षण संघ/संस्थाको नाम :**
**ठेगाना :**

**संविधानसभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षणका लागि खटाइने पर्यवेक्षकहरुको विवरण :**

| क्र.सं. | पर्यवेक्षकको नाम, थर | स्थायी ठेगाना | लिङ्ग | उमेर | दलित/आदिवासी जनजाति/पिछडिएको वर्ग | शैक्षिक योग्यता | खटाइने स्थानको नाम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मतदान स्थलको नाम | गा.वि.स. /न.पा.को वडा नं. | जिल्ला |
| | | | | | | | | | |

संस्था प्रमुखको नाम :

दस्तखत :

मिति :